आज मिति २०८३ साल जेठ २९ गतेका दिन यस सान्नीत्रिवेणी गाउँपालिकाका अध्यक्ष श्री मोहन बहादुर के.सी.ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी सोही आधारमा निर्णयहरू पारित गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम थर | पद | वडा नं. | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | मोहन बहादुर के.सी. | अध्यक्ष | ९ | 9861932960 | |
| २ | पार्वती सिंह (संज्याल) | उपाध्यक्ष | ६ | 9849662471 | |
| ३ | बैकुण्ठराज गिरी | वडा अध्यक्ष | १ | 9847916809 | |
| ४ | वसन्त बहादुर बुढा | वडा अध्यक्ष | २ | 9858321065 | |
| ५ | रंगलाल देवकोटा | वडा अध्यक्ष | ३ | 9848301441 | |
| ६ | देवनाथ योगी | वडा अध्यक्ष | ४ | 9748906314 | |
| ७ | रामराज बम | वडा अध्यक्ष | ५ | 9861655740 | |
| ८ | नहकुल संज्याल | वडा अध्यक्ष | ६ | 9848539844 | |
| ९ | जय प्रसाद सिम्खाडा | वडा अध्यक्ष | ७ | 9848360100 | |
| १० | नौलासिंह बुढा | वडा अध्यक्ष | ८ | 9746528566 | |
| ११ | नरपती तिरुवा | वडा अध्यक्ष | ९ | 9848358542 | |
| १२ | रुपकला शाही | कार्यपालिका सदस्य | ५ | 9865253407 | |
| १३ | जमुना कुमारी सहकारी | कार्यपालिका सदस्य | ९ | 9742261610 | |
| १४ | अम्मकला देवकोटा | कार्यपालिका सदस्य | ३ | 9848330373 | |
| १५ | गोमा सिम्खाडा | कार्यपालिका सदस्य | ७ | 9848668602 | गोमा |
| १६ | झ्यापा सार्की | कार्यपालिका सदस्य | १ | 9843770226 | |
| १७ | भरत वि.क. | कार्यपालिका सदस्य | १ | 9851155602 | |
| १८ | प्रेम बहादुर बडुवाल | सदस्य सचिव | | 9848215358 | |

गोमा

**प्रस्तावहरु:-**

प्रस्ताव नं.१:- वडा भेला गरी योजना तथा कार्यक्रम गाउँपालिकामा पठाउने सम्बन्धमा।

प्रस्ताव नं.२:- विषयगत समितिहरूले बजेट तथा कार्यक्रमको प्रस्ताव पेस गर्ने सम्बन्धमा।

प्रस्ताव नं.३:- बजेटको विषयमा कार्यपालिमा छलफल गर्ने विषयमा।

प्रस्ताव नं.४:- गाउँसभा सञ्चालन गर्ने सम्बन्धमा।

प्रस्ताव नं.५:- विद्युत महसुल पालिकाबाटै संकलनको लागि पहल गर्ने विषयमा।

प्रस्ताव नं.६:- स्थायी लेखा नम्बर पालिकाबाटै जारी गर्न पहल गर्ने सम्बन्धमा।

प्रस्ताव नं.७:- रकमान्तर सम्बन्धमा।

प्रस्ताव नं.८:- आर्थिक सहायता सम्बन्धमा ।

प्रस्ताव नं.९:- वाल विकास संयोजकको म्याद थप सम्बन्धमा।

प्रस्ताव नं.१०:- योजना निरन्तरता सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८३ को बजेट तथा कार्यक्रम तर्जुमाका लागि स्थानीय सरकार सञ्चालन ऐन बमोजिम सबै वडाहरूले बस्ती र वडा स्तरबाट योजनाहरू प्राथमिकिकरण गरी मिति २०८३ असार १ गतेभित्र बजेट तथा कार्यक्रम तर्जूमा समितिमा पेश गरिसक्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

**निर्णय नं. २**

**प्रस्ताव नं. २** उपर व्यापक छलफल गर्दा मिति २०८३ असार ४ गतेभित्र विषयगत समितिहरूले कार्यक्रमहरूको विवरण सहित प्रस्ताव बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गरिसक्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

**निर्णय नं. ३**

**प्रस्ताव नं. ३** उपर व्यापक छलफल गर्दा मिति २०८३ असार ५ गते कार्यपालिकाको बैठक बसी बजेट तथा कार्यक्रम उपर व्यापक छलफल गरी कार्यपालिकाबाट पारित गर्ने।

**निर्णय नं. ४**

**प्रस्ताव नं. ४** उपर व्यापक छलफल गर्दा मिति २०८३ असार ७ गते यस गाउँपालिकाको आ.व. २०८३/०८४ को लागि राजस्व र व्ययको अनुमान गाउँसभामा पेश गरी पारित गर्ने।

**निर्णय नं. ५**

**प्रस्ताव नं. ५** उपर व्यापक छलफल यस गाउँपालिका क्षेत्रभित्रका नागरिकहरूलाई विद्युत महसुल बुझाउन टाढा जानुपर्ने सास्तीलाई मध्यनजर गर्दै, यसै गाउँपालिकामा संकलन गर्ने प्रबन्ध मिलाउन **सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने** निर्णय सर्वसम्त रुपमा पारित गरियो।

Scanned with CamScanner

**निर्णय नं. ६**

**प्रस्ताव नं. ६** उपर व्यापक छलफल गर्दा  स्थानीय व्यवसायी, उपभोक्ता समिति तथा सर्वसाधारण नागरिकहरूलाई स्थायी लेखा नम्बर (PAN) लिन र करको दायरामा आउन सहज बनाउनका लागि **आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरी** पालिकास्तरमै एकिकृत वा आवधिक शिविर सञ्चालन गर्ने, अथवा पालिकाबाटै प्यान कार्ड जारी गर्न सक्ने व्यवस्थाका लागि समन्धित निकायमा लेखि पठाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

**निर्णय नं. ७**

**प्रस्ताव नं. ७** उपर व्यापक छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ मा विनियोजित देहाय अनुसारका योजना तथा कार्यक्रमहरूको रकमान्तर / संशोधन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

| क्र.सं | विनियोजन गरिएको शीर्षक | विनियोजित रकम रू | रकमान्तर / संशोधन गरिएको शीर्षक | रकमान्तर/संशोधन रकम रू |
|---|---|---|---|---|
| १ | बिरुवा पोखरी मर्मत तिकुवा | ५०,००० | सिमरोड बाट मालडाँडा चाफा रोडसम्म PCC सहितको गोरेटो बाटो निर्माण योजना | २,००,००० |
| २ | धवलपुरा थान निर्माण योजना | १,५०,००० | | |
| ३ | सिमरोड बाट मालडाँडा चाफा रोडसम्म गोरेटो बाटो निर्माण योजना | १,००,००० | सिमरोड बाट मालडाँडा चाफा रोडसम्म PCC सहितको गोरेटो बाटो निर्माण योजना | १,००,००० |
| ४ | सिमाने खा.पा.मर्मत | ५०,००० | वडा कार्यालयको लागि फर्निचर तथा फिक्चर्स | ५०,००० |
| ५ | रागेमेला देखि माटेखर्क बाटो मर्मत | ५०,००० | बढरुख आधारभूत विद्यालय फर्निचर तथा फिक्चर्स | ५०,००० |
| ६ | फर्निचर तथा फिक्चर्स (पंचदेवल मल्टिप्रपोज गत वर्षको भुक्तानी दिन बाँकी) | १,७०,००० | फर्निचर तथा फिक्चर्स (गभर्नर आ.वि) | १,७०,००० |
| ७ | कार्यक्रम खर्च | ६,००,००० | मसलन्द तथा कार्यालय सामाग्री | ६,००,००० |
| ८ | कार्यक्रम खर्च | २,००,००० | भ्रमण खर्च (पदाधिकारी ) | २,००,००० |

**निर्णय नं. ८**

**प्रस्ताव नं. ८** उपर व्यापक छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिका गाउँ कार्यपालिका सदस्य रुपकला शाही मिति २०८३।०१।२७ गते भिरबाट लडेर गम्भीर घाइते भई हाल उपचारमै रहेको र आर्थिक अवस्था कमजोर भएको हुँदा आर्थिक सहायता उपलब्ध गराउने । साथै, बाघको आक्रमणमा परी गम्भीर घाइते यस सान्नीत्रिवेणी गाउँपालिका वडा नं. ४ को बासिन्दा श्री नेत्र बहादुर शाहीलाई पनि यस गाउँपालिकाबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्वसम्मत पारित गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ उपर व्यापक छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिका र समाज जागरण केन्द्र (स्याक) नेपालको साझेदारी कार्यक्रममा कार्यरत वाल विकास संयोजक श्री मदन तिरुवाको स्याक नेपालबाट पत्र सं. २०८२/२०८३ चलानी नं. ५१२ मिति २०८३।०१।१५ गते प्राप्त पत्रानुसार मिति २०८३।०३।३२ गतेसम्म करार म्याद थप गरी स्याक नेपालबाट प्राप्त हुने ५० प्रतिशत तलब भत्ता पनि यस गाउँपालिकाबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० उपर व्यापक छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिका वडा नं ६ मा आर्थिक वर्ष २०८२/८३ मा सञ्चालित वडा कार्यालय देखि धामीगाउँ सम्म पि.सी.सी. बाटो निर्माण योजनाको कार्य थप गर्नुपर्ने भएकाले उक्त योजनालाई निरन्तरता दिनको लागि आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमबाट आवश्यक बजेट विनियोजन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।